# अपाङ्गता भएका, दलित, आर्थिक रूपले विपन्न, मुक्त कमलरी र मुस्लिम महिला विद्यार्थीहरूलाई उच्चशिक्षामा छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७९

## प्रस्तावना:

नेपालको संविधान, २०७२ को मौलिक हकमा उल्लेख भएबमोजिम अपाङ्गता भएका, दलित, आर्थिक रूपमा विपन्न, मुक्त कमलरी र मुस्लिम महिला विद्यार्थीहरूलाई उच्चशिक्षामा छात्रवृत्ति उपलब्ध गराउने उद्देश्यले विश्वविद्यालय अनुदान आयोग कार्यव्यवस्था नियमावली २०६० को नियम ११.९ बमोजिम यो निर्देशिका तर्जुमा गरिएको छ।

### परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१ सङ्क्षिप्त नाम र प्रारम्भः यो निर्देशिकाको नाम **अपाङ्गता भएका, दलित, आर्थिक रूपले विपन्न, मुक्त कमलरी र मुस्लिम महिला विद्यार्थीहरूलाई उच्चशिक्षामा छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७९** रहेको छ।

२ परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अपाङ्गता" भन्नाले यस निर्देशिकाको प्रयोजनका लागि निम्नानुसारलाई जनाउनेछः

(क) शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा अपाङ्गता भएका व्यक्ति सम्झनुपर्छ। *(यस सम्बन्धी पूर्ण व्याख्या अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ )*

(ख) अशक्तताको गम्भीरताका आधारमा अपाङ्गताको वर्गीकरण भएका व्यक्ति सम्झनु पर्छ। *(यस सम्बन्धी पूर्ण व्याख्या अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ )*

(ख) "आर्थिक रूपले विपन्न विद्यार्थी" भन्नाले नेपाल सरकारद्वारा विपन्न भनी पञ्जीकृत परिवारका विद्यार्थी सम्झनु पर्छ। त्यस्तो विपन्न घरपरिवार प्रमाणपत्र जारी नभएको अवस्थामा वा अन्य वैकल्पिक ब्यवस्था नभएमा प्रतिनिधिसूचक परीक्षण प्रणाली (Proxy Means Testing System) बाट गरिबीको पहिलो र दोश्रो क्वाइन्टायलमा परेका विद्यार्थीहरू र छात्राहरूको हकमा तेश्रो क्वाइन्टायलसम्म परेका छात्राहरू सम्झनु पर्छ।

(ग) "आयोग" भन्नाले विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० बमोजिम स्थापित विश्वविद्यालय अनुदान आयोग सम्झनु पर्दछ।

(घ) "उच्चशिक्षा" भन्नाले नेपालभित्रका विश्वविद्यालय वा विश्वविद्यालय अन्तर्गतका आङ्गिक महाविद्यालय वा नेपालभित्रका विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालनमा रहेका स्नातक तह वा सोभन्दा माथिको अध्ययनलाई सम्झनु पर्छ र सो शब्दले विदेशी विश्वविद्यालय वा

शिक्षण संस्थाको सम्बन्धनमा नेपालभित्र सञ्चालित स्नातक तह वा सो भन्दा माथिको अध्ययन समेतलाई सम्झनु पर्छ ।

(ङ) "उच्च शिक्षण संस्था" भन्नाले यस निर्देशिकाको प्रयोजनका लागि स्नातक वा स्नातकोत्तर तह वा एडभान्स डिप्लोमा तहको अध्यापन गराउने कानून अनुसार सञ्चालित विश्वविद्यालयका आङ्गिक स्वरूपका स्कुल, केन्द्रीय विभाग, क्याम्पस वा आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त क्याम्पसहरू सम्झनु पर्छ ।

(च) "उच्चशिक्षा छात्रवृत्ति व्यवस्थापन समिति" भन्नाले निर्देशिकाको परिच्छेद २ को दफा ४ बमोजिम गठित समितिलाई जनाउँदछ ।

(छ) "ऐन" भन्नाले विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० सम्झनु पर्दछ ।

(ज) "छात्रवृत्ति" भन्नाले उच्चशिक्षा (स्नातक/स्नातकोत्तर तह) अध्ययन गर्न विद्यार्थीलाई उपलब्ध गराउने शैक्षिक खर्च भन्ने सम्झनु पर्छ ।

(झ) "दलित" भन्नाले नेपाल सरकारबाट दलित भनी सूचीकृत जातजातिलाई सम्झनु पर्छ ।

(ञ) "नियमावली" भन्नाले विश्वविद्यालय अनुदान आयोग कार्यव्यवस्था नियमावली, २०६० सम्झनु पर्दछ ।

(ट) "निशुल्क" भन्नाले उच्चशिक्षा अध्ययनका लागि विद्यार्थीबाट मासिक अध्ययन शुल्क नलिई अध्ययनको अवसर प्रदान गर्ने व्यवस्थालाई सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ड) "मुक्त कमलरी" भन्नाले अरुको घरमा कमलरी बस्न बाध्य भई हाल मुक्त भएका खास गरी थारु समुदायका महिलालाई सम्झनु पर्छ ।

(ढ) "मुस्लिम" भन्नाले मुस्लिम धर्म अबलम्वन गर्ने समुदायलाई सम्झनु पर्छ ।

३. **निर्देशिकाको उद्देश्यहरू:-** (१) यो निर्देशिका जारी गर्नुको उद्देश्य देहायबमोजिम रहेको छ ।

(क) उच्चशिक्षा अध्ययनका लागि अपाङ्गता भएका, दलित, आर्थिक रूपमा विपन्न, मुक्त कमलरी र मुस्लिम महिला विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउने स्पष्ट र पारदर्शी आधार तयार पार्नु,

(ख) छात्रवृत्ति उपलब्ध गराउने कार्यमा संलग्न निकायहरूको भूमिका तथा जिम्मेवारी स्पष्ट पार्नु,

(ग) छात्रवृत्तिमा दोहोरोपना हुन नदिई लक्षित छात्रवृत्तिको समुचित वितरण गर्नु,

(घ) वितरण गरिने छात्रवृत्तिलाई शैक्षिक उपलब्धिसँग आवद्ध गरी सदुपयोग गर्न सहयोग पुर्‍याउनु ।

## परिच्छेद २

## संस्थागत व्यवस्था

४. **उच्चशिक्षा छात्रवृत्ति व्यवस्थापन समितिको गठनः-** (१) छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थापन गर्न र छनौट लगायत अन्य प्रक्रियागत एवं प्राविधिक विषयमा निर्णय गर्नका लागि एक उच्चशिक्षा छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ ।

(२) उच्चशिक्षा छात्रवृत्ति व्यवस्थापन समितिको गठन देहायअनुसार हुनेछ ।

| | | | |
|---|---|---|---|
| (१) | अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग | - | संयोजक |
| (२) | सचिव, विश्वविद्यालय अनुदान आयोग | - | सदस्य |
| (३) | विश्वविद्यालय अनुदान आयोगको सम्बन्धित महाशाखा प्रमुख | - | सदस्य |
| (४) | प्रतिनिधि, उच्चशिक्षा महाशाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | - | सदस्य |
| (५) | छात्रवृत्ति शाखा प्रमुख, विश्वविद्यालय अनुदान आयोग | - | सदस्य-सचिव |

(३) समितिमा छात्रवृत्तिको प्रकृति र आवश्यकताानुसार राष्ट्रिय दलित आयोग, राष्ट्रिय मुस्लिम आयोग, राष्ट्रिय अपाङ्ग आयोग र विश्वविद्यालयहरुका प्रतिनिधिहरुलाई आमन्त्रण गर्न सकिनेछ । साथै आवश्यक भएमा बढीमा २ जनासम्म विषेशज्ञ/अधिकृत कर्मचारीलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(४) छात्रवृत्ति व्यवस्थापन समितिको बैठक आवश्यकतानुसार संयोजकले तोके बमोजिम बस्नेछ ।

(५) बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) बैठकमा उपस्थित भए वापत समितिका सदस्य र आमन्त्रित सदस्यलाई आयोगको नियमानुसार बैठक भत्ता उपलब्ध गराइनेछ ।

५. **उच्चशिक्षा छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः-**(१) छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आयोगबाट उच्चशिक्षामा अध्ययन गर्ने विद्यार्थीहरूलाई स्नातक र स्नातकोत्तर तहमा दिइने छात्रवृत्तिका लागि स्वीकृत बजेट अन्तर्गत रही छात्रवृत्तिको कोटा निर्धारण गर्ने ,

(ख) नियम बमोजिम छात्रवृत्तिका लागि आवेदन माग गर्ने,

(ग) निर्धारित मापदण्ड अनुसार आवेदन दिएका विद्यार्थीहरूको छात्रवृत्तिका लागि छनौट तथा स्वीकृत/अस्वीकृत गर्ने र नतिजा प्रकाशित गर्ने,

(घ) छात्रवृत्तिका सम्बन्धमा समितिमा औपचारिक रूपमा परेका गुनासा तथा उजुरी सम्बन्धमा छानविन गरी निर्णय गर्ने,

(ङ) छात्रवृत्तिसँग सम्बन्धित नीतिगत कुराहरु आयोगमा सिफारिस गर्ने,

(च) छात्रवृत्ति व्यवस्थापन सन्दर्भमा अन्य आवश्यक कार्यहरू गर्ने र गराउने ।

## परिच्छेद ३

# छात्रवृत्तिको योग्यता र रकम

६. **छात्रवृत्तिको योग्यताः** (१) छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीको योग्यता निम्नानुसार हुनुपर्नेछः

(क) नेपाली नागरिक,

(ख) तोकिएको तहमा विश्वविद्यालय/आङ्गिक/सम्बन्धन प्राप्त क्याम्पसमा अध्ययनरत,

(ग) स्नातक तहको लागि कक्षा ११ र १२ वा सो सरह उत्तीर्ण तथा स्नातकोत्तर तहका लागि स्नातक तह उत्तीर्ण,

(घ) अपाङ्ग छात्रवृत्तिका लागि अपाङ्गताको वर्ग खुलेको प्रमाणपत्र भएको,

(ङ) दलित छात्रवृत्तिका लागि दलित जातिमा सूचिकृत भनी राष्ट्रिय दलित आयोग वा स्थानीय निकाय वा जिल्ला प्रशासन कार्यालयले दिएको प्रमाणपत्र र नेपाल सरकारद्वारा आर्थिक रूपमा विपन्न भनी जारी गरेको प्रमाणपत्र,

(च) आर्थिक रूपमा विपन्न छात्रवृत्तिका लागि आर्थिक रूपमा विपन्न भनि नेपाल सरकारद्वारा विपन्न घरपरिवार भनि जारी प्रमाणपत्र प्राप्त । त्यस्तो विपन्न घरपरिवार प्रमाणपत्र जारी नभएको अवस्थामा वा अन्य वैकल्पिक व्यवस्था गर्न सकिनेछ,

(छ) कमलरी वर्गमा आवेदन दिने विद्यार्थीका लागि कमलरी भएको प्रमाण पत्र,

(ज) मुस्लिम महिला वर्गमा आवेदन दिने विद्यार्थीका लागि मुस्लिम धर्मालम्बी भएको प्रमाण पत्र,

(झ) स्नातक तहको छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीको उमेर (अपाङ्गता भएका बाहेक) आवेदन दिने अन्तिम मितिसम्ममा ३० वर्ष ननाघेको ।

(२) उच्चशिक्षामा प्रदान गरिने छात्रवृत्ति र छात्रवृत्तिको रकम देहायबमोजिम हुनेछ ।

(अ) स्नातक तह

(क) साधारण विषयतर्फ मासिक रु. २,०००/-

(ख) प्राविधिक विषयतर्फ मासिक रु. २,५००/-

(आ) स्नातकोत्तर तह

(क) साधारण विषयतर्फ मासिक रु. २,५००/-

(ख) प्राविधिक विषयतर्फ मासिक रु. ३,०००/-

(३) छात्रवृत्तिको रकम आयोगले समय समयमा वार्षिक बजेटको परिधिभित्र रही अर्थ मन्त्रालयको सहमतिमा हेरफेर गर्न सक्नेछ ।

(४) स्नातक तहको छात्रवृत्तिको रकम कार्यक्रमको अवधिमा नबढ्ने गरी तोकिएअनुसार साधारण विषयका लागि बढीमा ४८ (अडचालीस) महिना र स्नातकोत्तर तहको हकमा २४ महिनासम्मको मात्र प्राप्त गर्न सकिनेछ ।

(५) छात्रवृत्ति दोहोरो नहुने गरी प्रदान गरिनेछ ।

(क) एकपटक एउटा तहमा छात्रवृत्ति प्राप्त गरेकोले सोही तहमा अर्को कुनै छात्रवृत्ति पाउने छैन ।

(ख) अन्य निकाय वा संस्थाबाट छात्रवृत्ति प्राप्त गरेकाले सोही तहमा यो छात्रवृत्ति पाउन योग्य हुने छैन ।

### परिच्छेद ४

## छात्रवृत्तिका लागि आवेदन प्रक्रिया

७. **आवेदनका लागि सूचना प्रकाशन गर्ने:** छात्रवृत्तिका लागि निम्नानुसार प्रकृया अपनाइनेछ :

(१) आयोगले विनियोजित बजेटको परिधिभित्र रही वार्षिक रूपमा प्रदान गरिने छात्रवृत्तिको कोटा निर्धारण गर्ने छ ।

(२) निर्धारित कोटामा कम्तीमा १५ दिन र बढीमा ३० दिनको समय सीमा तोकी छात्रवृत्तिका लागि आवश्यक योग्यता तथा शर्तसहित आवेदन आव्हान गर्नेछ ।

(३) आवेदन आह्वानसम्बन्धी सूचना राष्ट्रियस्तरको पत्रपत्रिका, रेडियो, टि.भि.लगायत अन्य सामाजिक सञ्चार माध्यम र आयोगको वेभपेजमा समेत राखिनेछ ।

(४) इच्छुक विद्यार्थीले आवश्यक भनी तोकिएका कागजातसहित तोकिएको समय सीमाभित्र आवेदन पेश गर्नुपर्नेछ ।

(५) आवेदनको ढाँचा अनुसुची १ बमोजिम हुनेछ ।

(६) आवश्यक कागजात संलग्न नभएको तथा समयसीमा पछि प्राप्त आवेदनलाई छनौट प्रक्रियामा सामेल गरिने छैन ।

(७) समितिले छात्रवृत्तिको आवेदन, छनौट प्रक्रिया लगायतका कार्यहरू आवश्यकता अनुसार प्रत्यक्ष वा अनलाइन माध्यमबाट पनि गर्न सक्नेछ ।

### परिच्छेद ५

## विद्यार्थी छनौट तथा सिफारिस गर्ने आधार र प्रक्रिया

८. **छनौटको आधार र प्रक्रियाः** (१) प्रकाशित सार्वजनिक सूचना बमोजिम म्याद भित्र रीतपूर्वक प्राप्त हुन आएका आवेदनलाई छनौट प्रक्रियामा सामेल गरिनेछ ।

(२) छात्रवृत्तिका लागि विनियोजित बजेट तथा उपलब्ध कोटासमेतका आधारमा छनौटका आधारभूत प्रक्रियाबमोजिम छनौट योग्य आवेदनहरुमा प्रारम्भिक छनौट गरी सूची कायम गरिनेछ । समूहगत छनौटको आधार निजहरूले कक्षा १२ को प्रमाणपत्रमा प्राप्त गरेको

योग्यताक्रम अथवा उपलब्धि हुनेछ । एक वा सो भन्दा बढी विद्यार्थीहरूको योग्यताक्रम समान भएमा सम्बन्धित प्राविधिक विषयको उपलब्धिलाई मूल आधार बनाइने छ ।

(३) संक्षिप्त सूचीमा पर्न आएका आवेदनहरूलाई छनौट गर्ने आधारहरू निम्नानुसार हुनेछ ।

(१) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(२) सम्बन्धित उच्च शिक्षण संस्थामा भर्ना भएको प्रमाण,

(३) कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको र स्नातकोत्तर तहका लागि स्नातक तह उत्तीर्ण गरेको मार्कशिट/ट्रान्सक्रिप्ट/प्रमाणपत्र,

(४) अध्ययनरत शिक्षण संस्थाको सिफारिस पत्र,

(५) अभिभावकसँगको नाता प्रमाणित कागजात,

(६) सरकारी सेवामा बहाल नरहेको र राज्यकोषबाट तलब सुबिधा प्राप्त गर्ने व्यक्तिको छोराछोरी नभएको प्रमाण तर अपाङ्गको हकमा यो लागू हुनेछैन,

(७) दलितको हकमा दलित जातजाति भएको प्रमाण,

(८) मुक्त कमलरीको हकमा मुक्त कमलरी भएको प्रमाण,

(९) मुस्लिम महिलाको हकमा मुस्लिम धर्मालम्बी भएको प्रमाण,

(१०) आर्थिक रूपमा विपन्नको हकमा नेपाल सरकारद्वारा विपन्न घरपरिवार भनी जारी प्रमाणपत्र,

(११) विद्यार्थीको डिजिटल बैंक खाता बिबरण ।

(४) अपाङ्गता भएको हकमा वाहेक एकै परिवारका आवेदकहरु दुई वा सोभन्दा बढी भएमा दुई जनासम्मलाई मात्र छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(५) यो छात्रवृत्ति स्नातक तहमा एकपटक र स्नातकोत्तर तहमा एकपटक गरी जम्मा दुईपटक मात्र प्राप्त हुनेछ ।

(६) छनौट प्रक्रिया पुरा भएपछि छनौटमा परेका विद्यार्थीहरुको सूची सार्वजनिक गरिनेछ । सूची उपर दावी विरोध तथा गुनासो प्राप्त भएमा निर्देशिका बमोजिम निरूपण गरिनेछ ।

## परिच्छेद ६
## छात्रवृत्ति रकम निकासा प्रक्रिया

९. **छात्रवृत्ति प्रदान गर्ने प्रक्रियाः-** (१) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीलाई सम्बन्धित उच्च शिक्षण संस्था मार्फत विद्यार्थीको बैङ्क खाता रकम प्रदान गरिनेछ ।

(२) छात्रवृत्ति रकम वार्षिक दुई किस्तामा प्रदान गरिनेछ ।

(३) विश्वविद्यालयले लिने परीक्षामा सामेल नभएमा छात्रवृत्ति प्रदान गरिने छैन ।

(४) छात्रवृत्ति लगातार दुई वर्षसम्म अनुत्तीर्ण हुने विद्यार्थीलाई प्रदान गरिने छैन ।

(५) प्रथम वा दोश्रो वर्ष/सेमेष्टरको परीक्षामा सहभागी भएको प्रमाणको आधारमा दोस्रो किस्ता छात्रवृत्ति रकम निकाशा दिइनेछ, ।

(६) दोस्रो वर्ष वा तेस्रो समेष्टरको परीक्षामा सहभागी भएको आधारमा तेस्रो किस्ता निकाशा दिइनेछ ।

(७) तेस्रो वर्ष वा चौथो समेष्टरको परीक्षामा सहभागी भएको आधारमा चौथो किस्ता निकाशा दिइनेछ ।

(८) माथि उल्लेख भएकोभन्दा बढी सेमेष्टर/वर्ष अध्ययन अवधि भएकाको हकमा व्यतित भएको समेष्टर वा वर्षको परीक्षामा सहभागी भएको आधारमा किस्ता रकम निकाशा हुनेछ ।

## परिच्छेद ७

## छात्रवृत्ति पाउने विद्यार्थीले पालना गर्नुपर्ने सर्तहरू

१०. **पालन गर्नुपर्ने सर्तहरू:-** छात्रवृत्तिमा छनौट भई अध्ययनरत विद्यार्थीले निम्न सर्तहरुको पालना गर्नुपर्नेछ ।

(१) अध्ययनरत विषयमा शैक्षिक मर्यादा कायम राख्दै सफलता साथ अध्ययन पूरा गर्नुपर्नेछ ।

(२) कावु बाहिरको परिस्थितिबाहेक अध्ययनलाई बीचैमा छाड्न पाइने छैन ।

(३) उच्चशिक्षामा अध्ययन गर्ने विद्यार्थीका लागि आयोगले तोकेका आचारसंहिता पालना गनुपर्नेछ र यसरी आयोगले नतोकेको अवस्थामा सम्बन्धित विश्वविद्यालयले तोकेको आचारसंहिता पालना गनुपर्नेछ ।

(४) प्राप्त छात्रवृत्ति शैक्षिक क्रियाकलापमा मात्र खर्च गर्नुपर्नेछ ।

(५) अध्ययन समाप्त भएको तीन महिनाभित्र आफ्नो शैक्षिक प्रगति विवरण आयोगमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद ८

## सजाय तथा विगोको व्यवस्था

११. **छात्रवृत्ति वापतको रकम नपाउने:** (१) देहायको अवस्थामा छात्रवृत्तिको रकम उपलब्ध हुने छैन ।

(क) नेपाल सरकारले प्रस्तुत कार्यक्रमलाई स्थगन गरेमा,

(ख) नेपाल सरकार, प्रदेश वा स्थानीय तह, कुनै विश्वविद्यालय, कलेजबाट शैक्षिक छात्रवृत्ति प्राप्त भएकोमा,

(ग) अध्ययन गर्न छाडेमा,

(घ) अध्ययन संकाय परिवर्तन गरेमा,

(ङ) छात्रवृत्तिसम्बन्धी अन्य सर्त पालना नगरेमा,

(च) लगातार दुई वर्षसम्म अनुर्तीर्ण भएमा, र

(छ) यस्तै किसिमको सहायता एवं सुविधा अन्य कुनै निकाय/संस्थाबाट उपयोग गरेको देखिएमा ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति नपाउने अवस्थामा झुठा विवरण पेश गरी सो सुविधा लिएको पाइएमा सो रकम विद्यार्थी वा विद्यार्थीको अभिभावकबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ । साथै उक्त विद्यार्थीलाई कुनैपनि विद्यार्थी सहुलियत नपाउने गरी सूचिकृत गरिनेछ ।

## परिच्छेद ९
# अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था

१२. **अनुगमन तथा मूल्याङ्कनः** (१) छात्रवृत्ति वितरण तथा उपयोगलाई व्यवस्थित, मर्यादित एवं वैज्ञानिक बनाउन नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गरिनेछ ।

(२) आयोगले सरोकारवाला निकाय समेतको सहभागितामा अनुगमन गर्ने व्यवस्था गर्नेछ ।

(३) अनुगमन तथा मूल्याङ्कनका आधारमा छात्रवृत्ति व्यवस्थापन समितिले भावि कार्ययोजना बनाई कार्यान्वयनको व्यवस्था मिलाउनेछ ।

## परिच्छेद १०
# उच्च शिक्षण संस्थाको काम, कर्तब्य र अधिकार

१३. **काम, कर्तव्य र अधिकारः-** सम्बन्धित उच्च शिक्षण संस्थाको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) विद्यार्थीहरूको अध्ययनको अद्यावधिक प्रतिवेदन समय समयमा आयोगमा पठाउने,

(२) विद्यार्थीहरूको अध्ययनका लागि आवश्यक वातावरण तयार गर्ने र

(३) छात्रवृत्तिको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक सहयोग गर्ने ।

## परिच्छेद ११
# खारेजी र वचाउ

१४. **निर्देशिकामा हेरफेर गर्ने अधिकार** : यस निर्देशिकामा हेरफेर गर्ने अधिकार आयोगलाई हुनेछ । तर आर्थिक दायित्व पर्ने विषयमा नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिई गरिनेछ ।

१५. **ऐन तथा नियमावली बमोजिम हुने** : यस निर्देशिकामा उल्लिखित कुराहरू ऐन तथा नियमावलीसँग बाझिएको हकमा ऐन तथा नियमाबली बमोजिम हुनेछ ।

१६. **बाधा अड्काउ फुकाउने :** यस निर्देशिका कार्यान्वयनको प्रक्रियामा बाधा अड्काउ आइपरेमा आयोगले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१७. **प्रचलित कानून बमोजिम हुने :** यो निर्देशिकामा लेखिएका कुराहरू यसै निर्देशिका बमोजिम हुने र अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची १

(परिच्छेद ४ को दफा ७ (५) संग सम्बन्धित)

# विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

फोटो

(अपाङ्गगता भएका, दलित तथा आर्थिक रूपमा विपन्न, मुक्त कमलरी र मुस्लिम महिला बिद्यार्थीलाई उच्चशिक्षा अध्ययन गर्नका लागि छात्रवृत्ति आवेदन फारम)

## १. आवेदक विद्यार्थीको विवरण

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थीको नाम, थर (देवानगरी) | | | | | | | | |
| अंग्रेजीमा (Capital Letter) | | | | | | | | |
| नागरिकता | | ना.प्र.नं.: | जारी मिति: | जारी गर्ने जिल्ला: | | | | |
| लिङ्ग | महिला | पुरुष | अन्य (तेस्रो लिङ्गी) | | | | | |
| स्थायी ठेगाना<br>प्रदेश | जिल्ला | | गा. पा./न.पा | | वडा नं | | टोल/गाउँ | |
| हालको ठेगाना | जिल्ला | | गा. पा./न.पा | | वडा नं | | टोल/गाउँ | |
| सम्पर्क नम्बर | टेलिफोन नं. | | | | | | | |
| | मोवाइल नं. | | | | | | | |
| इमेल | | | | | | | | |
| जन्ममिति | वि.स. | | इस्वी संबत | | | | | |
| बाबुको नाम, थर | | | | | | | | |
| आमाको नाम, थर | | | | | | | | |
| वाजेको नाम, थर | | | | | | | | |
| परिवार संख्या (सम्पूर्ण विवरण उल्लेख गर्नुपर्ने) | | | | | | | | |

## २. शैक्षिक योग्यता

| | | | | |
|---|---|---|---|---|
| एस.एल.सी /एस.ई.ई. | उत्तीर्ण वर्ष | | श्रेणी/प्राप्ताङ्क प्रतिशत वा जिपिए | |
| विद्यालयको नाम, ठेगाना | | | | |
| उच्च माध्यमिक विद्यालय (उ.मा.वि) (१२ कक्षा) | उत्तीर्ण वर्ष | | श्रेणी/प्राप्ताङ्क प्रतिशत वा जिपिए | |
| अध्ययन गरेको उ.मा.वि.को नाम, ठेगाना | | | | |
| स्नातक तह | उत्तीर्ण वर्ष | | श्रेणी/ प्राप्ताङ्क प्रतिशत वा जिपिए | |
| अध्ययन गरेको संस्थाको नाम, ठेगाना | | | | |

### ३. अध्ययनरत संस्थाको विवरण

| | | | | |
|---|---|---|---|---|
| अध्ययनरत संस्थाको नाम र ठेगाना | | | | |
| अध्ययनरत तह | स्नातक तह | | स्नातकोत्तर तह | |
| अध्ययनरत वर्ष वा सेमेष्टर | | | | |
| सङ्काय | | | | |
| विषय | | | | |

### ४. यसभन्दा अघिल्लो तहको अध्ययनमा छात्रवृत्ति वा निशुल्क वृत्ति पाएको भए सोको विवरण

| क्र.सं. | छात्रवृत्ति/निशुल्क वृत्तिको नाम | छात्रवृत्ति प्रदान गर्ने संस्थाको नाम र ठेगाना | छात्रवृत्ति रकम | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

### ५. विद्यार्थीको बैंक खाता सम्बन्धी विवरण

| | |
|---|---|
| बैंकको नाम र ठेगाना | |
| शाखा | |
| विद्यार्थीको डिजिटल बैंक खाता नम्बर | |

“अपाङ्गता भएका, दलित र आर्थिक रूपले विपन्न, मुक्त कमलरी र मुस्लिम महिला विद्यार्थीहरूलाई उच्च शिक्षामा छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७८” अन्तर्गत देहाय बमोजिमको कागजात संलग्न राखी छात्रवृत्तिको लागि अनुरोध गर्दछु। साथै मैले यस तहमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार मार्फ अन्य कुनै छात्रवृत्ति प्राप्त गरेको छैन। मैले जानेबुझेसम्म उल्लेख गरेका विवरणहरू सत्य छन्, झुठ्ठा भएमा प्रचलित कानुनबमोजिम कारवाही भागी हुन मञ्जुर छ।

विद्यार्थीको नाम:

विद्यार्थीको दस्तखत :

मिति :

| औंठा छाप | |
|---|---|
| दायाँ | वायाँ |
| | |

## ६. सम्बन्धित उच्चशैक्षिक संस्थाको सिफारिस

"अपाङ्गता भएका, दलित, आर्थिक रूपले विपन्न, मुक्त कमलरी र मुस्लिम महिला विद्यार्थीहरूलाई उच्च शिक्षामा छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७९" अनुसार.............................. विद्यार्थीले माथि पेश गरेको विवरण तथा संलग्न प्रमाण शोधपुछ गर्दा जायज देखिएकोले छात्रवृत्तिको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध गर्दछु। यस विश्वविद्यालय/क्याम्पसमा निजले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार र अन्य कतैबाट समेत छात्रवृत्ति प्राप्त नगरेको व्यहोरा प्रमाणित गर्दछु।

**आङ्गिक क्याम्पस/केन्द्रीय विभाग/स्कुलको हकमा**
क्याम्पस प्रमुख/विभागीय प्रमुखको,
नामः .............................

दस्तखतः ............................

मितिः .............................

**सम्बन्धनप्राप्त क्याम्पसको हकमा**
क्याम्पस प्रमुखको,
नामः .................................

दस्तखतः ............................

मितिः ..........................

**शिक्षण संस्थाको छापः**

## ७. संलग्न गनुपर्ने कागजातको सूची

(१) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,
(२) सम्बन्धित उच्च शिक्षण संस्थामा भर्ना भएको प्रमाण,
(३) कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको र स्नातकोत्तर तहका लागि स्नातक तह उत्तीर्ण गरेको मार्कशिट/ट्रान्सक्रिप्ट/प्रमाणपत्र,
(४) अध्ययनरत शिक्षण संस्थाको सिफारिस पत्र,
(५) अभिभावकसँगको नाता प्रमाणित कागजात,
(६) सरकारी सेवामा बहाल नरहेको र राज्यकोषबाट तलब सुबिधा प्राप्त गर्ने व्यक्तिको छोराछोरी नभएको प्रमाण तर अपाङ्गको हकमा यो लागू हुनेछैन,
(७) दलितको हकमा दलित जातजाति भएको प्रमाण,
(८) मुक्त कमलरीको हकमा मुक्त कमलरी भएको प्रमाण,
(९) मुस्लिम महिलाको हकमा मुस्लिम धर्मालम्बी भएको प्रमाण,
(१०) आर्थिक रूपमा विपन्नको हकमा नेपाल सरकारद्वारा विपन्न घरपरिवार भनी जारी प्रमाणपत्र,
(११) विद्यार्थीको डिजिटल बैंक खाता बिबरण।